बैठक संख्या ४५

कार्यपालिका वैठक मिति २०७५।११।१९

**निर्णय नं. १**

यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा करारमा कार्यरत तपसिलमा उल्लेखित कर्मचारीहरुलाई विगत देखि कन्टेन्जेन्सी शिर्षकबाट तलब भुक्तानी भई आएकोमा नेपाल सरकारबाट स्वीकृत यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कम्प्युटर अधिकृत, इन्जिनियर, सब इन्जिनियर र अमिनको स्वीकृत दरबन्दी मध्ये रिक्त दरबन्दी भित्र समावेश गरी स्वीकृत दरबन्दीबाट खर्च लेख्ने गरी साविकको करार सेवा शर्त वमोजिमकै सेवा सुविधा पाउने गरी २०७६ असार मसान्त सम्मका लागि काममा लगाउने निर्णय गरियो ।

| क्र.सं. | पद | तह श्रेणी | करार | कर्मचारीको नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर अधिकृत | अधिकृत स्तर छैठौं | करार | ओसन कुमार चौधरी | |
| २ | इन्जिनियर | अधिकृत स्तर छैठौं | करार | सुजता कोइराला | |
| ३ | इन्जिनियर | अधिकृत स्तर छैठौं | करार | भविन्द्र चौधरी | |
| ४ | इन्जिनियर | अधिकृत स्तर छैठौं | करार | दिपेश आचार्य | |
| ५ | इन्जिनियर | अधिकृत स्तर छैठौं | करार | महेश धिताल | |
| ६ | सब इन्जिनियर | सहायक स्तर पाँचौं | करार | हिना लुंगेली | |
| ७ | सब इन्जिनियर | सहायक स्तर पाँचौं | करार | रविन्स भट्टराई | |
| | सब इन्जिनियर | सहायक स्तर पाँचौं | करार | मौसम भट्टराई | |
| ८ | सब इन्जिनियर | सहायक स्तर पाँचौं | करार | इन्दु घिमिरे | |
| ९ | सब इन्जिनियर | सहायक स्तर पाँचौं | करार | देवेन्द्र साह | |
| १० | सब इन्जिनियर | सहायक स्तर पाँचौं | करार | रविन राय | |
| ११ | सब इन्जिनियर | सहायक स्तर पाँचौं | करार | राजु आचार्य | |
| १२ | सब इन्जिनियर | सहायक स्तर पाँचौं | करार | राजेश दाहाल | |
| १३ | सब इन्जिनियर | सहायक स्तर पाँचौं | करार | राम बहादुर खड्का | |
| १४ | सब इन्जिनियर | सहायक स्तर पाँचौं | करार | सविन खड्का | |
| १५ | सब इन्जिनियर | सहायक स्तर पाँचौं | करार | अर्पण पौठाक लिम्बु | |
| १६ | अमिन | सहायक स्तर चौथो | करार | घटराज खतिवडा | |

**निर्णय नं. २**

(क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौं (स्थानीय तह कर्मचारी प्रशासन शाखा) को च.नं. ३०७९ मिति २०७५।१०।०९ को प्राप्त पत्रका बिषयमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७ मा भएको व्यवस्था अनुसार यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुनु भन्दा अगाडी स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली अनुसार यस इटहरी उपमहानगरपालिकाको दरबन्दीमा रही कामकाज गर्दै आएका कर्मचारीहरु तथा जिल्ला समन्वय समिति, सुनसरीबाट स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापन सम्बन्धी आदेश २०७४ को बुंदा नं. १० बमोजिम कामकाज गर्न खटि आएका कर्मचारीहरु देहाय अनुसार रहेको हुँदा सो सम्बन्धमा बढीमा लोकसेवा आयोगबाट परीक्षा संचालन भई



प्रमुख प्रशासकीय अधिकृत

स्थायी पदपूर्ति नहुन्जेल सम्म कामकाजमा लगाउन सकिने देखिएकोले निम्न बमोजिमका अस्थायी तथा करार तर्फका कर्मचारीलाई चालु आ.ब.मा साविककै सम्झौताको सेवा शर्त अनुसार कामकाज गराउने निर्णय गरियो ।

## अस्थायी तर्फ

| क्र. सं. | पद | तह श्रेणी | अस्थायी | कर्मचारीहरूको नाम थर | नियुक्ती/ सम्झौता भई काम गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ना.सु. (सा.प.) | सहायक स्तर पांचौं | अस्थायी | इन्द्र बहादुर चौहान | २०५४।१२।११ मा करार सम्झौता भई मिति २०६७।०८।२६ मा आन्तरिकीकरंण तथा पद समायोजन भएको । | जिल्ला समन्वय समिति, सुनसरीबाट नियुक्ती भई जि.स.स., सुनसरीको मिति २०७४।०४।०४ च.नं. १२ अनुसार कामकाज गर्न खटि आएको । |
| २ | महिला कार्यकर्ता | रा.प.अनं.द्धि (प्रा) | अस्थायी | मिना कुमारी पोखेल | २०५६।१०।१४ | खानेपानी तथा ढल निकास, पूर्वान्चल क्षेत्रिय निर्देशनालय धनकुटाबाट नियुक्ती भई जि.प्रा. कार्यालय, सुनसरीको मिति २०७५।०१।२८ च.नं. ३१७ को रमाना पत्रानुसार कामकाज गर्न खटि आएको। |
| ३ | खा.पा.स.टे. | रा.प.अनं.द्धि (प्रा) | अस्थायी | राम कुमार बस्नेत | २०५३।१०।०६ | खानेपानी तथा ढल निकास, पूर्वान्चल क्षेत्रिय निर्देशनालय धनकुटाबाट नियुक्ती भई जि.प्रा. कार्यालय, सुनसरीमा रही जि.स.स.कार्यालय, सुनसरीको मिति २०७४।०५।३० च.नं. २८७ को पत्रानुसार कामकाज गर्न खटि आएको। |
| ४ | कार्यालय सहयोगी | श्रेणी विहिन | अस्थायी | तिलक चन्द चौधरी | २०५४।१०।०८ | |
| ५ | कार्यालय सहयोगी | श्रेणी विहिन | अस्थायी | आशा देवी डोम | २०५४।१०।०८ | |

## करार तर्फ

| क्र. सं. | पद | तह श्रेणी | कर्मचारीहरूको नाम थर | नियुक्ती/ सम्झौता भई काम गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | इन्जिनियर | अधिकृत स्तर छैटौं | विकास भट्टराई | २०७२।०६।०६ | |
| २ | वातावरण अधिकृत | अधिकृत स्तर छैटौं | पुष्प नारायण चौधरी | २०६५।०४।०१ | जिल्ला समन्वय समिति, सुनसरीबाट नियुक्ती भई जि.स.स., सुनसरीको मिति २०७४।०४।२० च.नं. ६३ को पत्रानुसार कामकाज गर्न खटि आएको । |
| ३ | महिला सहजकर्ता | सहायक स्तर पाँचौं | रेणुका तिम्सिना | २०५९।०४।१९ | |
| ४ | समुदाय परिचालक | सहायक स्तर चौथो | करूणा उपाध्याय | २०६१।०६।२२ | |
| ५ | समुदाय परिचालक | सहायक स्तर चौथो | रनमाया लिम्बु | २०६१।०६।२२ | |
| ६ | अमिन | सहायक स्तर चौथो | दयाराम गौतम | २०६५।१०।०८ | |
| ७ | मुखिया | सहायक स्तर तेस्रो | कल्पना पराजुली | २०६५।१०।०८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | मुखिया | सहायक स्तर तेस्रो | कान्ती चौधरी | २०७१।०८।०१ | |
| ९ | मुखिया | सहायक स्तर तेस्रो | सुनिता राई | २०६५।११।०८ | |
| १० | ह.स.च. | सहायक स्तर चौथो | यादव सापकोटा | २०६७०७२४ | |
| ११ | सवारी चालक | सहायक स्तर चौथो | मोहन गुरूङ्ग | २०६६।०४।०१ | |
| १२ | कार्यालय सहयोगी | श्रेणी विहिन | नरेश चौधरी | २०६९।०९।२७ | |
| १३ | कार्यालय सहयोगी | श्रेणी विहिन | कल्पना राई | २०६०।१२।०८ | |
| १४ | चौकीदार | श्रेणी विहिन | समसेर काफ्ले | २०६४।०४।०१ | |
| १५ | कुचिकार | श्रेणी विहिन | भगीमाया मग्राती | २०६५।०२।०१ | |
| १६ | सफाई कर्मचारी | श्रेणी विहिन | भगलु मल्लीक | २०६४।०६।१० | |
| १७ | सफाई कर्मचारी | श्रेणी विहिन | झगरू मल्लीक | २०६४।०६।१० | |
| १८ | सफाई कर्मचारी | श्रेणी विहिन | रामविलास मल्लीक | २०६४।०६।१० | |
| १९ | सफाई कर्मचारी | श्रेणी विहिन | अशोक मल्लीक | २०६४।०६।१० | |
| २० | सफाई कर्मचारी | श्रेणी विहिन | किसन मल्लीक | २०६४।०६।१० | |
| २१ | सफाई कर्मचारी | श्रेणी विहिन | रामचन्द्र मल्लीक | २०६४।०६।१० | |
| २२ | सफाई कर्मचारी | श्रेणी विहिन | भुट्टी डोम | २०६४।०६।१० | |
| २३ | सफाई कर्मचारी | श्रेणी विहिन | दुर्गा देवी विश्वकर्मा | २०६४।०६।१० | |
| २४ | सफाई कर्मचारी | श्रेणी विहिन | रमेश राउत | २०६४।०६।१० | |
| २५ | सफाई कर्मचारी | श्रेणी विहिन | शिला राई | २०६४।०६।१० | |
| २६ | सफाई कर्मचारी | श्रेणी विहिन | अनुपा तामाङ्ग | २०६४।०६।१० | |
| २७ | कार्यालय सहयोगी | श्रेणी विहिन | रोशन कुमार चौधरी | २०६४।०८।०१ | जिल्ला समन्वय समिति, सुनसरीबाट नियुक्ती भई जि.स.स., सुनसरीको मिति २०७४।०४।०४ च.नं. १३ अनुसार कामकाज गर्न खटि आएको । |
| २८ | ना.प्र.स. | | कार्तिक कुमार झा | २०७३।११।०४ | जिल्ला कृषि विकास कार्यालय, सुनसरी बाट नियुक्ती भएको । |

(ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौं (स्थानीय तह कर्मचारी प्रशासन शाखा) को च.नं. ३०७९ मिति २०७५।१०।०९ को प्राप्त पत्रका बिषयमा छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ भए पश्चात यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा कार्यरत देहायका कर्मचारीहरुको साविकमा पनि दरबन्दी नरहेको र हाल मन्त्रालयबाट स्वीकृत दरबन्दीमा समेत दरबन्दी नरहेको भएता पनि तत्कालै उक्त कर्मचारी हटाउदा १० वटा वडाको सम्पूर्ण कार्य ठप्प हुने हुँदा कर्मचारीहरु पदपूर्ति भई यस कार्यालयमा हाजिर नभए सम्म मिति २०७६ असार मसान्त सम्मका लागि तपसिलमा उल्लेखित कर्मचारीहरुलाई हाल यथावत काममा लगाउने निर्णय गरियो ।

## मासिक ज्यालादारी तर्फ

| क्र. सं. | पद | ज्यालादारी | कर्मचारीहरूको नाम थर | नियुक्ती/सम्झौता भई काम गरेको मिति |
|---|---|---|---|---|
| १ | कम्प्युटर प्राविधिक पाचौं | करार | प्रल्लाद घिमिरे | |
| २ | कम्प्युटर प्राविधिक पाचौं | करार | लव प्रसाद दाहाल | |
| ३ | कम्प्युटर प्राविधिक चौथो | करार | महेश्वर कार्की | |
| ४ | अ.सब.इन्जिनियर चौथो | मासिक ज्यालादारी | विवेक चौधरी | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | कम्प्यूटर प्राविधिक तेस्रो | मासिक ज्यालादारी | दिपा गौली | |
| ६ | कम्प्यूटर प्राविधिक तेस्रो | मासिक ज्यालादारी | नविन ओझा | |
| ७ | कम्प्यूटर प्राविधिक तेस्रो | मासिक ज्यालादारी | ललिता निरौला | |
| ८ | कम्प्यूटर प्राविधिक तेस्रो | मासिक ज्यालादारी | सविता थापा | |
| ९ | कम्प्यूटर प्राविधिक तेस्रो | मासिक ज्यालादारी | राजन सुवेदी | |
| १० | कम्प्यूटर प्राविधिक तेस्रो | दैनिक ज्यालादारी | मनिसा श्रेष्ठ | |
| ११ | कम्प्यूटर प्राविधिक तेस्रो | दैनिक ज्यालादारी | दुलारी सदा | |
| १२ | कम्प्यूटर प्राविधिक तेस्रो | दैनिक ज्यालादारी | हिरा राई | |
| १३ | कम्प्यूटर प्राविधिक तेस्रो | दैनिक ज्यालादारी | सुवास वन | |

(ग) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौं (स्थानीय तह कर्मचारी प्रशासन शाखा) को च.नं. ३०७९ मिति २०७५।१०।०९ को प्राप्त पत्रका बिषयमा छलफल हुँदा प्रत्येक न.पा.मा एक नगरस्तरीय अस्पताल राख्ने नेपाल सरकारको केन्द्रिय नीति अनुसार इटहरी उपमहानगरपालिकामा इटहरी अस्पताल तथा बर्थिङ्ग सेन्टर स्थापना गरी सो अस्पतालमा नगरपालिकाको आन्तरिक श्रोतबाट पारिश्रमिक पाउने गरी करारमा कर्मचारी राखी काम गरि आएको तथा उक्त पदमा साविकमा समेत दरबन्दी नरहेको र हाल मन्त्रालयबाट स्वीकृत दरबन्दीमा दरबन्दी रहेको स्पष्ट नभएको भएता पनि करार सेवामा कार्यरत देहायका कर्मचारीहरुलाई कर्मचारी २०७६ असार मसान्त सम्मका लागि साविककै सेवा सुविधा पाउने गरी यथावत काममा लगाउने निर्णय गरियो ।

**इटहरी अस्पताल तथा बर्थिङ्ग सेन्टर तर्फ**

| क्र.सं. | पद | तह श्रेणी | करार | कर्मचारीहरूको नाम थर | नियुक्ती/सम्झौता भई काम गरेको मिति |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | अधिकृत स्तर आठौं | करार | निशा किरण श्रेष्ठ | २०७५।०३।३१ |
| २ | हेल्थ असिस्टेण्ट | सहायक स्तर पाचौं | करार | नवराज पराजुली | २०७५।०३।३१ |
| ३ | स्टाफ नर्स | सहायक स्तर पाचौं | करार | गजल अधिकारी | २०७५।०४।२८ |
| ४ | रेडियोग्राफर | सहायक स्तर पाचौं | करार | सन्तोष कार्की | २०७५।०३।३१ |
| ५ | फार्मेसी असिस्टेण्ट | सहायक स्तर पाचौं | करार | विमल खतिवडा | २०७५।०३।३१ |
| ६ | अ.न.मी. | सहायक स्तर चौथो | करार | निर्मला श्रेष्ठ | २०७५।०३।३१ |
| ७ | अ.न.मी. | सहायक स्तर चौथो | करार | रेनुका चौधरी | २०७५।०३।३१ |
| ८ | अ.न.मी. | सहायक स्तर चौथो | करार | जुनु पौडेल | २०७५।०३।३१ |
| ९ | अ.न.मी. | सहायक स्तर चौथो | करार | मायां सम्वाहाम्फे | २०७५।०३।३१ |
| १० | अ.न.मी. | सहायक स्तर चौथो | करार | सविता सुनाम | २०७५।०३।३१ |
| ११ | अ.हे.ब. | सहायक स्तर चौथो | करार | देवका रेग्मी | २०७५।०३।३१ |
| १२ | अ.हे.ब. | सहायक स्तर चौथो | करार | डोली साह | २०७५।०३।३१ |
| १३ | ल्याव असिस्टेण्ट | सहायक स्तर चौथो | करार | निर्मल कुमार चौधरी | २०७५।०३।३१ |
| १४ | का.स. | श्रेणी विहिन | करार | जमुना देवी भण्डारी | २०७५।०३।३१ |



नि० प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | का.स. | श्रेणी विहिन | करार | दिपक कुमार चौधरी | २०७५।०३।३१ |
| १६ | का.स. | श्रेणी विहिन | करार | कल्पना ढुंगाना घिमिरे | २०७५।०३।३१ |
| १७ | का.स. | श्रेणी विहिन | करार | मुना देवी भट्टराई | २०७५।०३।३१ |

**निर्णय नं. ३**

यस उपमहानगरपालिका कार्यालयको मेसिनरी उपकरण संचालन सम्बन्धी नियमावली, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

यस उपमहानगरपालिकाको प्रदुषण रोकथाम तथा नियन्त्रण नियमावली, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

इटहरी उपमहानगरपालिकाबाट आ.ब. २०७४।७५ मा बोलपत्र सूचना प्रकाशित भई हाल सम्म सम्झौता नभएका तपसिलमा उल्लेखित योजनाहरुको चालु आ.ब.मा बजेट बिनियोजन समेत नभएको हुँदा उक्त बोलपत्र रद्द गर्ने निर्णय गरियो ।

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम | स्थान | कबोल रकम रु. |
|---|---|---|---|---|
| १ | १७/२०७४/७५ | बर्थिङ्ग सेन्टर निर्माण | इटहरी १ | ३२,५५,२५५।३४ |
| २ | ०९/२०७४/७५ | कल्भर्ट निर्माण कार्य | नमुना सडकमा बक्स कल्भर्ट निर्माण इटहरी ५ | ४०,१७,१६८।१६ |
| ३ | ०६/२०७४/७५ | आर.सि.सि.सडक निर्माण कार्य | बसपार्क प्रवेश दोश्रो सडक इटहरी ९ | १८,६६,९७४।३९ |

**निर्णय नं. ६**

यस इटहरी उपमहानगरपालिकाको आ.ब. २०७५/७६ मा १९ नं वडाकालागि विनियोजित वडा स्तरीय योजना भौतिक पूर्वाधार तर्फ क्र.सं. १ देखि ११ सम्मका योजनाहरुको जम्मा रु. ३,३०,०००।- र कार्यपालिकाको मिति २०७५।०९।३० को निर्णय नं २९ को क्र.सं. १९,२० र २१ मा योजना परिवर्तन भई आवश्यक स्थानमा ग्रावेल शिर्षकको जम्मा रु. ३,५५,०००।- गरी १४ वटा योजनाको कुल जम्मा रु. ६,८५,०००।- लाई १९ नं.वडाको आवश्यक स्थलमा ग्रावेल गर्ने गरी विभिन्न योजनालाई एकिकृत गरी एउटै योजना कायम गरी बाटो ग्रावेल मर्मत उपभोक्ता समितिबाट कार्य भई आएको हुँदा उक्त योजनाहरुलाई एकै योजना मानी एकै उपभोक्ता समितिबाट निर्माण कार्य गराई मूल्यांकनको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

चालु आ.ब. २०७५।७६ मा स्वीकृत बजेट तथा योजना कार्यक्रम बमोजिम नगरसभाबाट स्वीकृत योजना कार्यक्रमहरुलाई देहाय वमोजिम संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना | स्वीकृत भएको योजनाको नाम | साविक स्वीकृत रकम | वडा नं. | संशोधन हुनुपर्ने योजनाहरु | संशोधित रकम |
|---|---|---|---|---|---|---|
| १ | वडा स्तरीय | हुलाकी मार्ग हुदै फुलबारी टोलबाट दुर्गा मन्दिर जाने बाटो | ३,००,०००।- | १३ | हुलाकी मार्ग हुदै फुलबारी टोलबाट दुर्गा मन्दिर जाने | ३,००,०००।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नाला निर्माण कमागत | | | बाटो प्रोटेक्सन वाल निर्माण | |
| २ | वडा स्तरीय | महेन्द्र तिम्सीनाको घर सम्म ग्रावेल | १,००,०००।- | २० | महेन्द्र तिम्सिनाको घर सम्म प्रोटेक्सन वाल | १,००,०००।- |
| ३ | वडा स्तरीय | लक्षित बर्ग ज्येष्ठ नागरिक कार्यक्रम | २,००,०००।- | १२ | ज्येष्ठ नागरिक भवन मर्मत कार्य | २,००,०००।- |
| ४ | वडा स्तरीय | रेडक्रस भवन मर्मत | २,००,०००।- | १२ | रेडक्रस कै नयाँ भवन निर्माण | २,००,०००।- |
| ५ | वडा स्तरीय | भौतिक पूर्वाधार तर्फ क्र.सं. ५,६ र ७ | ६,००,०००।- | १२ | एउटै योजना मानि एकै उपभोक्ता समितिबाट गर्ने | ६,००,०००।- |
| ६ | वडा स्तरीय | महिलाहरुको तिज बिशेष कार्यक्रम | २५,०००।- | २० | महिला कानूनी सचेतना तालिम | २५,०००।- |
| ७ | वडा स्तरीय | अन्य भौतिक पूर्वाधार निर्माण | २,५५,०००।- | २० | सडक बत्ती मर्मत | १,००,०००।- |
| | | | | | बिल काउण्टर निर्माण | ५५,०००।- |
| | | | | | अन्य भौतिक पूर्वाधार निर्माण | १,००,०००।- |
| ८ | वडा स्तरीय | इमो लाईन उत्तर बाटोहरुमा मिस गिट्टी लाउने कार्य | २,००,०००।- | २० | वडा भित्रका बाटोहरुमा मिस गिट्टी लगाउने कार्य | ७,००,०००।- |
| ९ | वडा स्तरीय | सुन्दर टोल काठेपुल कर्ल्भटको वरीपरी कालोपत्रे | ३,५०,०००।- | | | |
| १०. | वडा स्तरीय | गुलेलीटाँर दक्षिण जाने बाटोमा मिस गिट्टी लगाउने कार्य | १,५०,०००।- | | | |
| ११ | वडा स्तरीय | भू.पु.सैनिक अगाडी ड्रेन निर्माण | ४,००,०००।- | २० | संगम टोल बहुभाषि कालोपत्रे | ४,००,०००।- |
| १२ | वडा स्तरीय | खेलकुद | २,५०,०००।- | २ | शान्तिनगर फुटवल क्लब शान्तिनगर सामुदायिक गोल्डकप प्रतियोगिता | २,२५,०००।- |
| | | | | | खेलकुद सामाग्री | २५,०००।- |
| १३ | वडा स्तरीय | विपद् व्यवस्थापन | २,००,०००।- | २ | विपद् व्यवस्थापन | १,००,०००।- |
| | | | | | युवा विकास कार्यक्रम अन्तर्गत ड्राईभिङ्ग तालिम | १,००,०००।- |

**निर्णय नं. ८**

गत आ.ब.मा संचालित भौतिक पूर्वाधार तर्फका योजनाको म्याद २०७५ कार्तिक मसान्त सम्म थप गरिएकोमा सो अवधिमा पनि कार्य सम्पन्न नभएका देहायका योजनाहरुको म्याद २०७५ चैत्र मसान्त सम्म थप गरी कार्य सम्पन्न भई आएका योजनाहरुको भुक्तानी दिने निर्णय गरियो ।

१. काशी मार्ग निर्माण उपभोक्ता समिति, इटहरी ८

२. पशुपति भृकुटी निर्माण उपभोक्ता समिति, इटहरी ४/६

३. सिमरवना सामुदायिक भवन निर्माण, इटहरी ११

**निर्णय नं. ९**

इटहरी उपमहानगरपालिकाका पदाधिकारी तथा कर्मचारी अध्ययन अवलोकन भ्रमणका लागि देहाय अनुसारको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

१. संयोजक :- ४ नं. वडाध्यक्ष श्री चन्द्र प्रसाद भट्टराई

२. सदस्य :- ६ नं. वडाध्यक्ष श्री दिपक गौतम

३. सदस्य :- १७ नं. वडाध्यक्ष श्री भगवान लाल साहु सुडी

४. सदस्य :- कार्यपालिका सदस्य श्री शान्ता अधिकारी पौडेल

५. सदस्य सचिव :- ना.सु. श्री महेश सुवेदी

**निर्णय नं. १०**

इटहरी चोक वरपर साना सवारी साधन तथा ई-रिक्साहरु पार्किङ्ग व्यवस्थापन समितिको प्राप्त प्रतिबेदन कार्यान्वयन गर्न देहाय अनुसारको एक कार्यदल गठन गर्ने निर्णय गरियो । साथै उक्त कार्यदललाई आवश्यक पर्ने सदस्यहरु समेत मनोनयन गरी कार्य अगाडी बढाउन समेत अधिकार दिने निर्णय गरियो ।

१. संयोजक :- ४ नं. वडाध्यक्ष श्री चन्द्र प्रसाद भट्टराई

२. सदस्य :- ६ नं. वडाध्यक्ष श्री दिपक गौतम

३. सदस्य :- ९ नं वडाध्यक्ष श्री भुपेन्द्र बराल

४. सदस्य :- १२ नं. वडाध्यक्ष श्री  हेमानन्द दाहाल

५. सदस्य :- २० नं. वडाध्यक्ष श्री मणिराम श्रेष्ठ

६. सदस्य :- १ नं. प्रदेश क्षेत्रिय ट्राफिक प्रहरी कार्यालय, इटहरी

७. सदस्य :- इलाका प्रहरी कार्यालय, इटहरी

८. सदस्य :- उद्योग वाणिज्य संघ, इटहरी

९. सदस्य सचिव :- ना.सु. श्री महेश सुवेदी

**निर्णय नं. ११**

विनियोजन ऐन, २०७५ को दफा ४ को उपदफा २ को अधिकार प्रयोग गरी चालु तथा पूंजीगत खर्च तर्फको एक शिर्षकको रकम अर्को शिर्षकमा २५ प्रतिशत नबढ्ने गरी निम्न शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।



प्रमुख प्रशासकीय अधिकृत

## चालु खर्च

| शिर्षक नं. | शिर्षकको नाम | साविकको बिनियोजन रकम रु. | घटाउने रकम रु. | बढाउने रकम रु. | हाल कायम गरिएको रकम रु. |
|---|---|---|---|---|---|
| २१११११ | पारिश्रमिक कर्मचारी | ८,५०,००,०००।- | १,००,००,०००।- | - | ७,५०,००,०००।- |
| २२५२२ | कर सुधार योजना | ६०,००,०००।- | ६,००,०००।- | - | ५४,००,०००।- |
| २२४१३ | करार सेवा शुल्क | ७५,००,०००।- | - | १,००,००,०००।- | १,७५,००,०००।- |
| २२६१२ | भ्रमण खर्च कर्मचारी | १५,००,०००।- | - | ६,००,०००।- | २१,००,०००।- |

## पूँजीगत तर्फ

| शिर्षक नं. | शिर्षकको नाम | साविकको बिनियोजन रकम रु. | घटाउने रकम रु. | बढाउने रकम रु. | हाल कायम गरिएको रकम रु. |
|---|---|---|---|---|---|
| ३११२२ | मेसिनरी तथा औजार खरिद | ३,५०,००,०००।- | ८५,००,०००।- | - | २,६५,००,०००।- |
| ३१५११ | भैपरी आउने पूँजीगत क्रमागत समेत | ७,१८,३६,०००।- | - | ८५,००,०००।- | ८,०३,३६,०००।- |

### निर्णय नं. १२

आ.ब. २०७५/७६ को बार्षिक बजेटबाट इटहरी उपमहानगरपालिकाबाट निर्माण हुने नमुना रात्री बजारमा बिनियोजित ४० लाख मध्ये पशुपति भृकुटी मार्गको बाटोको दुवै तर्फ इन्टरलकिङ्ग ब्लक, पशुपति मार्गको अधुरो कालोपत्रे र भुपि मार्गको कल्भेट निर्माणका लागि रु. ११ लाख बिनियोजन गरी पशुपति भृकुटी मार्ग उपभोक्ता समितिबाट निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

### निर्णय नं. १३

यस उपमहानगरपालिकाको आ.ब. २०७५/७६ को लागि सडक बोर्ड नेपालबाट संचालन हुने योजना स्वीकृत भई बजेट प्राप्त भई आए पछि सम्झौता हुने गरी तालतलैया जाने बाटो सडक मर्मतका लागि टेण्डर आव्हान गर्ने निर्णय गरियो ।

### निर्णय नं. १४

युवा रेडक्रस सर्कल जनता बहुमुखी क्याम्पस इटहरीबाट हुने विपद् व्यवस्थापन पूर्व अभ्यास तथा रक्तदान कार्यक्रमका लागि अन्य सहायता शिर्षकबाट १५ हजार र राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, जिल्ला कार्य समिति सुनसरीलाई पाँचौ राष्ट्रिय सम्मेलनका लागि ५ हजार उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. १५

ज्येष्ठ नागरिक मञ्च इटहरी ४ द्वारा माग भएको २४ वटा कुर्सी सम्बन्धमा ज्येष्ठ नागरिक कार्यक्रममा उक्त शिर्षकमा बजेट नभएकोले उक्त खर्च रकम ज्येष्ठ नागरिक शिर्षकको उपशिर्षक अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवसमा भएको बिनियोजित रकम रु. ५०,०००।- (पचास हजार) बाट खर्च भएको रकम रु. १८,४४१।- व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस इटहरी उपमहानगरपालिकाको २० वटै वडाहरुमा अनलाईनबाट आय लेखा, सम्पति कर तथा पंजिकरणको काम संचालनमा रहेको तथा पटक पटक लाईन जाने भएको हुँदा ७ वटा वडाहरुमा भएको ब्याट्री पुरानो भई परिवर्तन गर्नु पर्ने हुँदा र बाँकी रहेका १३ वटा वडाहरुमा ब्याट्री खरिद गरी पावर ब्याकअप व्यवस्था गर्न २०७५।०४।२३ मा निर्णय भएको र सो निर्णयानुसार मिति २०७५।०४।२५ मा सिलबन्दी दरभाउ पत्र आव्हान गरि सूचना प्रकाशित गर्दा ६ थान शिलबन्दी दरभाउपत्र दर्ता भएको र त्यसमध्ये सबै भन्दा घटी कबोल गर्ने राम कृष्ण इलेट्रोपावर रामधुनिको स्विकृत गर्न सिफारिस भै आएकोले मिति २०७५।०६।२८ मा शिलबन्दी दरभाउपत्र स्विकृत भई सम्झौता गर्न पत्राचार गर्दा निज उपस्थित नभएकोले यस कार्यालयको मिति २०७५।०७।१५ को निर्णयानुसार निजको धरौटी रकम रु.३१०००।- हजार स्याहा सदर गरि दोस्रो कम कबोल अंक कबोल गर्ने एग्रोमिल मेशिनरी को शुकाम पावर शिष्टम लि.को २०० ए.एच.सि. को स्वीकृत गरि सम्झौता गर्न २०७५।०७।१५ मा निर्णय भएको सो निर्णयानुसार मिति २०७५।०७।१८ मा सम्झौता भई सम्झौता बमोजिमको ४० थान ब्याट्री शुकाम पावर शिष्टम लि.को २०० ए.एच.सि को ब्याट्री प्रति इकाई रु.२८,२००।- का दरले प्राप्त भई बा.ई श्री पुष्पनारायण चौधरी र विद्युत प्राविधिक राजन थापाबाट एग्रोमिल मेसिनरी ट्रेडर्सले पेश गरेको स्पेशिफिकेशन सम्बन्धमा प्रतिबेदन सहित लिड एसिड र जेल ट्यूवलरको स्पेशिफिकेसन मिक्स भएको दुबै स्पेशिफिकेशन भएको एउटै ब्याट्रि प्राप्त नहुने भएको र सबै दरभाउपत्र दाताले लिड एसिडकै दरभाउपत्र पेश गरेको तथा लिड एसिड ब्याट्रीनै लिने गरी २०७५।०७।१९ सम्झौता समेत भएको तथा लिड. एसिड ब्याट्री स्पेशिफिकेशन बमोजिमकै भएको भनि सिफारिस प्राप्त भएको तथा वडा कार्यालयमा अनलाईन सेवाका लागि तत्कालै जडान समेत गरि सकेकोले उक्त सप्लायर्स श्री एग्रोमिल मेसिनरी ट्रेडर्स इटहरी ५ को ४० थान ब्याट्रीको जम्मा रकम भ्याट समेत रु.११,२८,०००। (एघार लाख अठाईस हजार) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

कार्यपालिकाको मिति २०७५।१०।१५ को ४० औं बैठकको निर्णय नं. २ को क्र.सं. ३ बाट गत आ.ब.मा सम्झौता भई भुक्तानी हुन बाँकी जनजागृती आधारभूत विद्यालय इटहरी १७ को २०७५ फागुन मसान्त सम्म म्याद थप भएकोमा सो नामबाट २०७५।२।६ मा रु ३ लाख र २०७५।२।१४ मा रु. १,२१,७३४।६० लागत नगरपालिकाबाट भुक्तानी हुने गरी सम्झौता भएको र उक्त निर्णयले दुवै योजनाको म्याद थप भएको व्यहोरा स्पष्ट नगरेकाले उक्त दुवै योजनाको म्याद थप २०७५ फागुन मसान्त सम्म गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

१०९ औं अन्तराष्ट्रिय महिला दिवस मनाउन अनुसुची ५ को पेज नं. ३४ संकेत नं. २२५२२ अन्तर्गत सार्वजनिक सुनुवाई/अन्य शिर्षकंबाटं रकम रु. २ लाख ५० हजार खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

इटहरी उपमहानगरपालिकाको वडा नं. ६ को पारुहाङ्ग चोक देखि संगित चोक सम्म इटहरी उपमहानगरपालिका पछाडी देखि कोशी राजमार्ग (धरान हाइवे) सम्मको बाटो कालोपत्रे इटहरी ६ निर्माण कार्यका लागि आ.ब. २०७४/७५ मा नगरपालिकाबाट रु. १५ लाख बजेट बिनियोजन भई उपभोक्ताको रु.



प्रमुख प्रशासकीय अधिकृत

७,०२,०४१।५८ लागत सहभागिता हुने गरी सम्झौतामा भएकोमा बाटो निर्माण गर्दा नगरपालिकाको स्वामित्वमा रहेको जग्गाको अन्य उपभोक्ताबाट लागत सहभागिता नजुट्ने अवस्था भई रु. २ लाख ५० हजार अपुग हुने भएकोले यस उ.म.न.पा.बाट उक्त योजनाको लागि कार्यपालिकाको मिति २०७५।१०।१७ गते बसेको बैठक निर्णय नं. १० को क.सं. ४ अनुसार उक्त योजनालाई बजेट बिनियोजन गरेको रु. २ लाख ५० हजार बराबर रकम लागत सहभागिता वापत भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

इटहरी उपमहानगरपालिका स्थित वडा नं. ९ को दिपेन्द्र चोक देखि दक्षिण हेल्थपोष्ट जाने बाटो कालोपत्रे निर्माण कार्यका लागि रु. २०,००,०००।- बिनियोजन भएको र ठेक्का नं. ०३/२०७५/७६ को ल.ई. ३,५५,००,०३७- स्वीकृत भई सूचना प्रकाशन गरी सम्झौताको चरणमा रहेको उक्त योजनालाई अपुग हुने रकम रु. १५,५०,०३७- मर्मत संभार कोष शिर्षकबाट बिनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

इटहरी उपमहानगरपालिका,नगरकार्यपालिकाको कार्यालय प्रवेश द्धारको पुर्व तर्फ सार्वजनिक शौचालय निर्माण गर्ने र पश्चिम तर्फ वारुणयन्त्र कर्मचारीहरुका लागि विश्राम स्थल निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

यस इटहरी उपमहानगरपालिकाको देहाय अनुसारको वडाहरुमा मिति २०७५ श्रावण देखि स्वयंसेविकाको रुपमा कामकाज गर्दै आएका देहायका व्यक्तिहरुलाई कन्टेन्जेन्सी शिर्षकबाट खाना तथा खाजा खर्च वापत काम गरेको दिनको प्रतिदिन रु. ३००।- (तीन सय मात्र) का दरले वडा कार्यालयको सिफारिसका आधारमा मिति २०७५ श्रावण १ गते देखि २०७५ फागुन सम्म ८ महिनाको रकम उपलब्ध गराई चैत्र १ गते देखि स्वयंसेविकाको रुपमा काममा नलगाउने निर्णय गरियो ।

| क्र.सं. | पद | कार्यरत वडा नं. | स्वंयसेविकाको नाम, थर | कैफियत |
|---|---|---|---|---|
| १ | स्वंयसेविका | ५ | सावित्री चौधरी | |
| २ | स्वंयसेविका | ९ | इना कुमारी तामाङ्ग | |
| ३ | स्वंयसेविका | १३ | गीता चौधरी | |
| ४ | स्वंयसेविका | १६ | उर्मिला चौधरी | |
| ५ | स्वंयसेविका | १८ | नेहा तामाङ्ग | |
| ६ | स्वंयसेविका | १९ | उमा राना | |
| ७ | स्वंयसेविका | २० | लक्ष्मी कटवाल | |

नि० प्रमुख प्रशासकीय अधिकृत